# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

**सुन्दरहरैंचा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत बहाल बिटौरी/हटिया सेवा शुल्क बन्दोबस्ती ठेक्का सम्बन्धी सूचना**

( प्रथम पटक प्रकाशित मिति २०८०/०७/१२ गते)

यस सुन्दरहरैंचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ. व. २०८०/०८१ मा बाँकी अबधिको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ अनुसार आन्तरिक आय ठेक्का मार्फत बन्दोबस्त गर्न मिति २०८०/०६/०५ गतेको २/१०४ औं नगर कार्यपालिका बैठकको निर्णयानुसार हटियाको बहाल बिटौरी शुल्क असुली गर्ने कार्यको ठेक्का बन्दोबस्ती लागि यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट रु. १,०००/- (अक्षेरुपी रु एक हजार मात्र) (पछि फर्ता नहुने गरी) को बोलपत्र फारम खरिद गरी तल उल्लेखित शर्त तथा न्यूनतम ठेक्का रकममा नघट्ने गरी शिलबन्दी बोलपत्र पेश गर्न अनुरोध छ।

| क्र.सं. | ठेक्का नम्बर | हाटबजारको नाम | वडा नं. | न्युनतम ठेक्का रकम (मू.अ.क. समेत) |
|---|---|---|---|---|
| १ | राजश्व ४/१०५ | हरैंचा हाट बजार | १ | रु. २,५८,९०२।०० |

**शर्तहरु:-**

१. माथि उल्लेखित ठेक्कामा शुल्क असुल गर्दा यस नगरपालिकाले तोकेको भन्दा बढी दरमा असुल गर्न पाइने छैन।
२. ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८१ आषाढ मसान्त सम्म मात्र हुनेछ । आर्थिक बर्षमा घटेको महिना र दिनको आधारमा तोकिएको ठेक्का रकममा कुनै असर पर्ने तथा छुट हुने व्यवस्था छैन।
३. हटियाको सरसफाई गर्ने ब्यवस्था स्वयमः ठेक्केदारले मिलाउनु पर्नेछ।
४. बोलपत्रदाताले खामको बहिर पट्टी ठेक्काको नम्बर, ठेक्काको नाम र ठेकदारको नाम, मोबाईल नम्बर समेत लेखि शिलबन्दी गरी नगर कर्यापालिकाको कार्यालायमा तोकिएको समय भित्र बुझाउनु पर्नेछ।
५. शिलबन्दी फारम पेश गर्दा व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित शिलबन्दी फारम र फर्म वा कम्पनी भए आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान नम्बरको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपीका साथ कबोल अंकको ५ प्रतिशत नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर शिलबन्दी बोलपत्रमा सम्लग्न गर्नु पर्नेछ।
६. शिलबन्दी बोलपत्र दाखिला मिति २०८०/०७/२० गते दिनको १२ बजे भित्र यस नगर कार्यपालिकाको कार्यालायमा दर्ता गरी सक्नु पर्नेछ भने सोहि दिनको १ बजे शिलबन्दी बोलपत्र खोलिनेछ। बोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिए बमोजिमको प्रक्रिया अगाडि बढाइनेछ।
७. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ। बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
८. ठेक्का रकम अग्रिम बुझाएमा भ्याट बाहेक कबोल अंकको १० प्रतिशत रकम छुट दिइनेछ। कबोल अंकको हुन आउने १३% भ्याट रकम सम्झौताको समयमा अन्तरिक राजश्वको कार्यालायमा दाखिला गरेको भौचर/कागजात/प्रमाण पेश गर्नु पर्ने तथा अग्रिम रकम नबुझाए कबोल अंकको ६० प्रतिशत सम्झौताको समयमा बुझाएको हुन पर्ने बाँकी ४० प्रतिशत चैत्र मसान्त भित्र बुझाई सक्नु पर्नेछ भने सो ४० प्रतिशतको रकमको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकको परफरमेन्स बन्ड ग्यारेन्टी २०८१ कार्तिक मसान्त सम्मको हुन पर्नेछ। साथै ठेक्का कबोल कर्ताले ४०% बराबरको रकम २०८१ बैशख १ गते सम्म नबुझाएमा निज ठेकदार संग ठेक्का तोडि विना सूचना बैकको परफरमेन्स बन्ड ग्यारेन्टी जफत समेत गरी असुल उपर गरिनेछ।
९. ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन त्यस्तै ठेक्का अवधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी सम्लग्न राखि निवेदन पेश गर्नु पर्नेछ। साथै कार्यालयले उपलब्ध गराएको दररेट भन्दा बढि हाटबजार शुल्क असुल गरेको प्रमाणित भएमा धरौटीबाट कट्टा गरिनेछ भने पटक पटक सोही कार्य दोहोरयाएमा कानुन बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचिमा राख्न प्रचलित कानुन बमोजिम आवश्यक कारवाहिकको लागि सिफारिस गरिनेछ।
१०. ठेक्का संग सम्बन्धित रसिद ठेकेदार स्वयले छपाई गरी यस कार्यालयबाट प्रमाणित गरेर बहाल बिटौरी कर संकलन गर्नु पर्नेछ।
११. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानविय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन।
१२. एउटा व्यक्ति वा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्म वा कम्पनीले प्रयोग गर्न पाउने छैन।
१३. कर असुलिको दररेट सरोकारवाला सबैले देख्ने गरी राख्नु पर्ने दायित्व ठेकेदार स्वयमः को हुनेछ।
१४. यो सूचनाको उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**